# सैनिक (पाइनियर गण) भर्ना नियमहरु, २०२०

(मिति २०७४ फागुन मसान्तसम्म भएका संशोधन समेत मिलाइएको )

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

# सैनिक (पाइनियर गण) भर्ना नियमहरु, २०२०

नेपाल राजपत्रमा प्रकाशित मिति
२०२०।१०।२७

संशोधन
सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७०   २०७०।१।३०

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "सैनिक (पाइनियर गण) भर्ना नियमहरु, २०२०" रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरुमा :-

"पाइनियर गण" भन्नाले नेपाली सेनाको पाइनियर गण सम्झनु पर्छ ।

३. भर्ना उमेर : (१) पाइनियर गणको देहायका दर्जाको पदमा नयाँ भर्ना हुन देहायको उमेर पुगेको हुनु पर्दछ ।

डकर्मी, बज्रकर्मी, बोसी, आरावाल, सिकर्मी, कालिगढ सिकर्मी नाइके, हेडकालिगढ, सार्कीलाई .... १८ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको ।
पाइनियर र ढुङ्गेलाई ..... १८ वर्ष पूरा भएको र २५ वर्ष ननाघेको ।

(२) नेपाली सेना वा विदेशी सेनामा सेवा गरिसकेका एक्स सर्भिसमेन नेपाली नागरिक पाइनियर गणका देहायका दर्जाको पदमा नयाँ भर्ना हुन देहायको उमेर पुगेको हुनु पर्दछ :-

| | |
|---|---|
| सिपाही | १८ वर्ष पूरा भएको ३० वर्ष ननाघेको । |
| हवल्दारलाई | १८ वर्ष पूरा भएको र ३६ वर्ष ननाघेको । |
| जमदार | १८ वर्ष पूरा भएको र ४६ वर्ष ननाघेको । |
| सुवेदार, सहायक सेनानी | १८ वर्ष पूरा भएको र ४८ वर्ष ननाघेको । |
| सहसेनानी र सो भन्दा माथि | १८ वर्ष पूरा भएको र ५० वर्ष ननाघेको । |

४. सरुवा वा बढुवा भै आउनेको तलब : नेपाली सेनाको अरु पदबाट पाइनियर गणमा प्रमोशन पाई सरुवा भै आउने व्यक्तिको तलबको स्केल प्रमोशन पाएको पदको शुरु स्केलबाट शुरु हुनेछ । तर अरु पदबाट पाइनियर गणको समान

दर्जाको पदमा सरुवा हुनेले आफुले खाई पाई आएको नघटने गरी पाइनियर गणतर्फको दर्जाको मिल्दो नजिकको स्केल पाउनेछ । त्यसरी सरुवा भै आउनेले साविक पदमा हदको स्केल खाई सकेको छ भने घट्न जाने भए पनि पाइनियर गणको सरुवा भएको पदको हदको स्केल मात्र पाउनेछ ।

५. <u>सरुवा हुने मञ्जुरी लिनुपर्ने</u> : नेपाली सेनाको अरु पदबाट पाइनियर गणमा सरुवा बढुवा गर्दा सरुवा बढुवा गरिने व्यक्तिको मञ्जुरी लिनु पर्नेछ ।

६. <u>उमेरको हद</u> : पाइनियर गणको विभिन्न दर्जाको रिटायर हुने उमेरको हद नेपाली सेनाको समान दर्जाको उमेरको हदभन्दा ५ वर्ष बढी हुनेछ । तर, डकर्मी, बज्रकर्मी, बोसी, आरावाल, सिकर्मी, कालिगढ, सिकर्मी नाइके, हेड कालिगढ र सार्कीहरुको हकमा रिटायर हुने उमेरको हद ५५ वर्षको हुनेछ ।

७. <u>उचाई र छातीको नाप</u> : देहाय बमोजिम नभई पाइनियर गणमा कुनै व्यक्तिलाई भर्ना गरिने छैन :-

| <u>उचाई</u> | <u>छाती</u> |
|---|---|
| ५.१" वा | ३१" वा |
| सो भन्दा माथि | सो भन्दा माथि |

तर डकर्मी, बज्रकर्मी, बोसी, आरावाल, सिकर्मी, कालिगढ, सिकर्मी नाइके, हेड कालिगढ र सार्कीहरुको हकमा भने उक्त नापको हद लागू हुने छैन ।

८. <u>गैर कट्टी र खाली</u> : एकै पटक वा पटक पटक गरी पाइनियर गणका कुनै व्यक्ति वर्ष भरिमा तीन दिनभन्दा बढी गैर परेमा निजलाई नोकरीबाट बर्खास्त गरिनेछ । सोभन्दा घटी दिन गैर भएको रहेछ भने जतिदिन गैर परेको रहेछ त्यति दिनको निजले पाउने तलबबाट गैर कट्टी गरिनेछ ।

९. <u>निवृत्तिभरण</u> : पाइनियर गणका व्यक्तिले २० वर्ष अविच्छिन्न नेपाल सरकारको सेवा पूरा गरेपछि नेपाली सेनाको अरु समान दर्जाको व्यक्तिले पाए सरह निजले पाउने तलबको स्केलको दर रेट अनुसार निवृत्तिभरण पाउनेछ ।

१०. पाइनियर गणमा भर्ना हुने गैह्र व्यक्तिले आफू भर्ना भएको पाँच वर्षसम्म सरकारी सेवा गर्छु भन्ने शर्त स्वत: गरेको मानिनेछ ।

११. <u>तालिम र तालिम अवधिमा दिइने ग्राण्ट</u> : पाइनियर गणका डकर्मी, बोसी, बज्रकर्मी, आरावाल, सिकर्मी, कालिगढ, सिकर्मी नाइके, हेड कालिगढ र सार्की बाहेक अरु गैह्र व्यक्तिलाई सैनिक वेसिक तालिम दिई राइफलबाट चाँदमारी समेत गराइनेछ र उक्त ट्रेनिङ्ग ग्राण्ट समेत दिइनेछ । तर एजुकेशन ग्राण्ट भने दिइने छैन ।

१२.	नियमहरु लागू हुने : पाइनियर गणका सम्बन्धमा यी नियमहरुमा लेखिए जतिमा यी नियमहरु बमोजिम र अरुमा ◆सैनिक ऐन अन्तर्गत बनेको अरु नियमहरु बमोजिम हुनेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

---

◆ सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।

टिप्पणी:- १. सैनिक (दोस्रो संशोधन) ऐन, २०२३ द्वारा "बटालियन" को सट्टा "गण", "सेकेण्ड लेफ्टेनेन्ट" को सट्टा "सहायक सेनानी" र "कप्तान" को सट्टा "सह-सेनानी" राखी रुपान्तर गरिएको ।

२. नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा "पेन्सन" को सट्टा "निवृत्तिभरण" राखी रुपान्तर गरिएको ।

३. सैनिक (तेस्रो संशोधन) ऐन, २०४० द्वारा "शाही सेना" को सट्टा "शाही नेपाली सेना" राखी रुपान्तर गरिएको ।

४. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" राखी रुपान्तर गरिएको ।

५. सैनिक ऐन, २०६३ द्वारा "शाही नेपाली सेना" को शब्दहरुको सट्टा "नेपाली सेना" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको ।

६. सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्न बनेको नियमावली, २०७० द्वारा नियमहरुको ठाँउ ठाँउमा रहेको "शाही" भन्ने शब्द झिकिएको ।